# राष्ट्रपतिद्वारा विभिन्न पुरस्कार प्रदान

■ सौर्य समाचार

काठमाडौं । राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपाली वाङ्मय क्षेत्रका विभिन्न व्यक्तित्वलाई विभिन्न प्रज्ञा पुरस्कार र राष्ट्रिय कविता महोत्सव पुरस्कारद्वारा सम्मानित एवं पुरस्कृत गरेकी छन् । नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा राष्ट्रपति भवन, शीतल निवासमा बुधवार आयोजित पुरस्कार प्रदान समारोहमा राष्ट्रपतिले नेपाल प्रज्ञालङ्कार, प्रज्ञा पुरस्कार र राष्ट्रिय कविता महोत्सव पुरस्कारद्वारा २१ जना प्रतिभालाई सम्मानित एवं पुरस्कृत गरेकी हुन् । राष्ट्रपतिले मित्रराष्ट्र जनवादी गणतन्त्र चीनका प्राध्यापक वाङ हङ्वेईलाई कुलपति उप्रेतीमार्फत तीन हजार अमेरिकी डलर राशिसहितको नेपाल प्रज्ञालङ्कार सम्मान दोसल्ला, फूलको माला र सम्मानपत्रद्वारा सम्मानित गरेकी थिइन् । अस्वस्थताका कारण समारोहमा अनुपस्थित वाङलाई नगद पुरस्कार उनले उपलब्ध गराएको बैंक खातामा दाखिला गरिने छ भने सम्मानपत्र कुलपतिमार्फत् वाङलाई हस्तान्तरण गरिने प्रतिष्ठानले जनाएको छ ।यसै गरी राष्ट्रपति भण्डारीले भारतको आसामका साहित्यकार लीलबहादुर क्षेत्रीलाई कुलपतिमार्फत् भानु प्रज्ञा अन्तरदेशीय नेपाली साहित्य पुरस्कार प्रदान गरिन् । क्षेत्री स्वास्थ्यका कारणले स्वयं उपस्थित हुन असमर्थ भएपछि कुलपतिमार्फत उक्त पुरस्कार अर्पण गरियो । कुलपति उप्रेतीमार्फत् परिस्थिति अनुकूल भएपछि क्षेत्रीलाई सम्मानपत्र हस्तान्तरण गरिने छ भने दुई लाख राशिको नगद पुरस्कार उनले उपलब्ध गराएको बैंक खातामा दाखिला गरिने छ ।

यसैगरी, राष्ट्रपतिले नेपाल प्रज्ञा अनुवाद पुरस्कारबाट प्रसिद्ध अनुवाद कृष्णप्रकाश श्रेष्ठलाई प्रदान गरियो श्रेष्ठ कोभिडका कारण चैत्र १६ गते निधन भएकाले प्रतिनिधिका रूपमा उनका भाइ साहित्यकार तेजप्रकाश श्रेष्ठले पुरस्कार ग्रहण गरेका थिए । राष्ट्रपतिद्वारा समारोहमा प्रा.डा. वीरेन्द्रप्रसाद मिश्र नेपाल प्रज्ञा सामाजिक शास्त्र/संस्कृति/दर्शनशास्त्र पुरस्कार, प्रा.डा. तेजरत्न कंसाकार नेपाल प्रज्ञा भाषा पुरस्कार र हरिहर खनाल नेपाल प्रज्ञा नेपाली साहित्य पुरस्कारद्वारा पुरस्कृत भएका थियो । यी पुरस्कारको राशि दुई दुई लाख रहेको छ ।

यसैगरी रविमान लमजेललाई नेपाल प्रज्ञा नेपाली साहित्य पुरस्कार (२०७८), पूर्णबहादुर वैद्य (पूर्ण वैद्य) लाई नेपाल प्रज्ञा मातृभाषा (नेपालभाषा) साहित्य पुरस्कार (हिमाली/पहाडी क्षेत्रमा बोलिने मातृभाषाका साहित्यका लागि-२०७७), इन्द्रबहादुर गुरुङलाई नेपाल प्रज्ञा मातृभाषा (गुरुङ भाषा) साहित्य पुरस्कार (हिमाली/पहाडी क्षेत्रमा बोलिने मातृभाषाका साहित्यका लागि-२०७८), चतुर्भुजलाल दास केवरत नेपाल प्रज्ञा मातृभाषा (केवरत भाषा) साहित्य पुरस्कार (तराई/मधेस क्षेत्रमा बोलिने मातृभाषाका साहित्यका लागि-२०७७) र हंसावती कुर्मीलाई नेपाल प्रज्ञा मातृभाषा (अवधी भाषा) साहित्य पुरस्कार (तराई/मधेस क्षेत्रमा बोलिने मातृभाषाका साहित्यतर्फ-२०७८) का लागि राष्ट्रपतिले पुरस्कृत गरिन् । स्वास्थ्य समस्याका कारण रविमान लम्जेल समारोहमा उपस्थित भएका थिएनन् । यी प्रज्ञा पुरस्कारको राशि एक एक लाख नगद रहेको छ ।

यस्तै, सम्माननीय राष्ट्रपतिले राष्ट्रिय कविता महोत्सव २०७७ र २०७८ का विजयी कविलाई पुरस्कार प्रदान गरिन् । २०७७ सालमा आयोजित राष्ट्रिय कविता महोत्सवमा प्रथम हुने भैरवी भूगोल (नुवाकोट), द्वितीय हुने प्रज्वल अधिकारी (लमजुङ), तृतीयतर्फ गणेशप्रसाद खतिवडा (सोलुखुम्बु), देवकी अभिलाषी (दोलखा) र रेजिना आपगाईं (तेह्रथुम) लाई पुरस्कार अर्पण गरिएको थियो ।

समारोहमा राष्ट्रपतिले २०७८ सालको राष्ट्रिय कविता महोत्सवका विजयी कवि प्रथम कविता राई (भोजपुर), द्वितीय अमृता स्मृति (धादिङ) र तृतीय हुने सविता बराल (ताप्लेजुङ), निरञ्जनाकुमारी चन्द (बर्दिया) र प्रकाश सिलवाल (नुवाकोट) लाई नगद, पदक र सम्मानपत्रद्वारा पुरस्कृत गरेकी थिइन् । सम्मान तथा पुरस्कार अर्पणपछि समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति भण्डारीले भाषा, साहित्य, इतिहास, सामाजिकशास्त्र तथा दर्शनशास्त्र लगायतका विधामार्फत् नेपाली वाङ्मयको श्रीवृद्धिमा उल्लेखनीय योगदान दिने स्रष्टालाई आफूले सम्मानित तथा पुरस्कृत गर्न पाउँदा खुसी लागेको बताइन् ।

समारोहमा बोल्दै कुलपति उप्रेतीले नेपालका भाषा, साहित्य, संस्कृति, दर्शनशास्त्र तथा सामाजिक शास्त्र विषय क्षेत्रका वाङ्मयगत विधा/उपविधाहरूमा प्राज्ञिक अनुसन्धान एवं मौलिक सिर्जनाका माध्यमबाट लामो समयदेखि साधनारत रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपाल राष्ट्र एवं नेपाली जातिको गौरव बढाउन गहकिलो र विशिष्ट योगदान पुऱ्याएका प्रतिष्ठित साधकलाई सम्मानित तथा पुरस्कृत गरिएको बताए । उपकुलपति डा. जगमान गुरुङले प्रज्ञा सम्मान तथा पुरस्कार छनोट गर्दा योगदान, समुदाय र भूगोलजस्ता कुरालाई विशेष ध्यान दिइएको जानकारी दिए ।

यसैबीच प्रतिष्ठानले मंगलबार आदिकवि भानुभक्त आचार्यको २०८ औं जन्मजयन्तीका अवसर पारेर 'आदिकविको व्यक्तित्व र कृतित्व विषयक प्रवचन तथा रचना वाचन कार्यक्रम' आयोजना गऱ्यो । प्रत्यक्ष र भर्चुअल माध्यमबाट समेत आयोजित कार्यक्रमको कुलपति गंगाप्रसाद उप्रेतीले उद्घाटन गर्दै प्रज्ञा भवनको पश्चिमपट्टि रहेको बगैंचामा अवस्थित आदिकवि भानुभक्तको प्रतिमामा कुलपति उप्रेती, उपकुलपति डा. जगमान गुरुङ, सदस्य सचिव प्रा. जगत्प्रसाद उपाध्याय लगायतले आदिकविको प्रतिमामा माल्यर्पण गरेका थिए । सो अवसरमा प्राज्ञपरिषद् सदस्य प्रा. दिनेशराज पन्त, प्रा.डा. योगेन्द्रप्रसाद यादव, प्रा.डा. गोपीन्द्र पौडेल, प्रा.डा. हेमनाथ पौडेल, प्रा.डा. उषा ठाकुर, माया ठकुरी, लक्ष्मी मालीले आदिकविको प्रतिमामा पुष्पगुच्छा अर्पण गर्दै भानुजयन्तीको सान्दर्भिकताको चर्चा गरेका थिए ।

कार्यक्रममा कुलपति उप्रेतीले नेपाली भाषा, साहित्य र संस्कृतिका नायक आदिकवि भानुभक्त आचार्यको जन्मयजन्तीको यो दिन नेपाली वाङ्मय क्षेत्रका चिन्तक र स्रष्टाका लागि महत्वपूर्ण रहेको बताए । उनले नेपाली भाषा, साहित्य र संस्कृतिको पहिचानका लागि पृष्ठभूमि तयार पार्ने काम भानुभक्तले गरेकाले उनको योगदान विशिष्ट रहेको उल्लेख गरे । उनले भने, 'भानु जयन्तीका अवसरमा विभिन्न मुलुकमा रहेका अभियन्तालाई भेला गरेर राष्ट्रिय सम्मेलन गर्ने सोच कोभिडका कारण सफल हुन सकेन तर भानुकै सम्झनामा गत वर्षदेखि 'प्रज्ञा भानु अन्तरदेशीय नेपाली साहित्य पुरस्कार' स्थापना गरिएको छ । यसबाट नेपालबाहिर रहेर नेपाली भाषा, साहित्य तथा संस्कृतिका क्षेत्रमा साधनारत स्रष्टाको योगदानको कदर हुने विश्वास लिएको छु ।' उपकुलपति डा. जगमान गुरुङले नेपाली जातिलाई एकताको सूत्रमा बाँध्ने काम आदिकवि भानुभक्तले गरेको बताए । उनले भने, 'भानुभक्तले रामायण रचना नगरे पनि नेपाली भाषामा भावानुवाद गरेर नेपाली गाउँघर, खोलानाला, चौतारी, भञ्याङमा भानुभक्तीय रामायणका श्लोक गुनगुनाउँदै हिँड्ने वातावरणको सिर्जना गर्नुभयो । विश्वमा जहाँ जहाँ नेपाली छन् त्यहाँ त्यहाँ आदिकवि भानुभक्तको श्लोक गुञ्जिन्छन् । नेपाली भाषा, धर्म, संस्कृति र चलनचल्तीका बारेमा छलफल गर्ने पर्वका रूपमा पनि भानु जयन्तीलाई लिन सकिन्छ ।'

सदस्य सचिव प्रा. जगतप्रसाद उपाध्याय 'प्रेक्षित'ले नेपाल देशको भौगोलिक एकीकरण गर्ने पृथ्वीनारायण शाहजस्तै नेपाली भाषालाई एकीकृत गर्ने काम भानुभक्तले गरेकाले उनलाई नेपाली जातिको एकीकरणका नायक मान्नुपर्ने बताए । उनले भने, 'हुन त १४औं/१५औं शताब्दीमा पनि कवि र तिनका कविताहरू सशक्त नभएका होइनन् । कविताको इतिहास अध्ययनमा त्यहाँसम्म पुग्नसक्नु पर्छ तर समालोचकले निरुपण गरे अनुसार कला, विचार, सन्देश र बोधगम्यताका दृष्टिले भानुभक्तले जत्तिको महाकाव्यस्तरको सशक्त रचना अरुले गर्न सकेका छैनन् ।' सदस्य सचिव उपाध्यायले कवित्वपूर्ण रचना भानुभक्तबाटै प्रारम्भ भएकाले उनलाई आदिकवि मान्नुपर्छ भन्ने निष्कर्षका साथ आदिकवि मानिँदै आएको जिकिर गरे । उनले भने, 'भानुका रचना नेपालीको मन-मर्मलाई बुझ्ने, राष्ट्रप्रेम, भातृत्व प्रेम, संस्कृति प्रेम र सामाजिक जनजीवनसँग मेल खाने खालको रहेका छन् ।' उनले वाल्मीकिको देशभक्तिको भावनालाई भानुभक्तले रामायणका माध्यामबाट नेपालीको मनमनमा पुऱ्याउने काम गरेको उल्लेख गर्दै भानुभक्तमा विश्वचेतना जागृत भएकाले नै विश्वतरको कविता रचना गर्न सक्षम भएको बताए ।

साहित्य (पद्य/काव्य) विभाग प्रमुख प्रा.डा. हेमनाथ पौडेलले 'आदिकविको व्यक्तित्व र कृतित्व' विषयमा बोल्दै भने, 'वि.सं. १८७१ असार २९ गते आइतबार तनहुँ जिल्लाको चुँदीरम्घामा जन्मिनुभएका आदिकवि भानुभक्तले नेपाली भाषा, साहित्य र संस्कृतिको एकतामा ठुलो योगदान गर्नुभएको छ । अध्यात्म रामायणबाट नेपालीमा अनुवादित रामायण उहाँको महत्वपूर्ण र चर्चित कृति हो ।'

आदिकवि भानुको सम्झनामा प्रज्ञा-प्रतिष्ठान, साहित्य (लोकवार्ता र बालसाहित्य) विभाग प्रमुख डा. देवी नेपालसहित अमेरिकाबाट सरु गुरागाई, म्यान्मारबाट हुताशन पोखरेल, भारतको सिक्किमबाट अभिषेक कोइरालाले भानुभक्तीय रचना वाचन गरेका थिए । यस्तै प्रदेश १ बाट दीपा भट्टराई, प्रदेश २ बाट सरु बस्नेत, बाग्मती प्रदेशबाट लोचन भट्टराई, गण्डकी प्रदेशबाट शिव त्रिपाठी, लुम्बिनी प्रदेशबाट टंक पन्थ, कर्णाली प्रदेशबाट सिर्जना शर्मा र सुदूरपश्चिमबाट कविराज भट्टले भानुभक्तीय रचना वाचन गरेका थिए ।


NIC ASIA
एन आई सी एशिया बैंक लि.

## NIC ASIA Bank Limited
Interest Rates
*Effective from 1st Shrawan 2078, (16th July, 2021)*

### A. Interest rate on Deposits

| Savings Deposits | Minimum Balance (NPR) | Interest Rate (% p.a) |
|---|---|---|
| Chamatkarik Nari Bachat Khata-Silver | - | 2.56% |
| Chamatkarik Nari Bachat Khata-Gold | 25,000 | 2.56% |
| Chamatkarik Nari Bachat Khata-Diamond | 100,000 | 2.56% |
| Chamatkarik Jestha Nagarik Bachat Khata-Silver | - | 2.56% |
| Chamatkarik Jestha Nagarik Bachat Khata-Gold | 25,000 | 2.56% |
| Chamatkarik Jestha Nagarik Bachat Khata-Diamond | 100,000 | 2.56% |
| Chamatkarik Bachat Khata - Silver | 1,000 | 2.56% |
| Chamatkarik Bachat Khata - Gold | 25,000 | 2.56% |
| Chamatkarik Bachat Khata-Diamond | 100,000 | 2.56% |
| Chamatkarik Baideshik Rojgar Bachat Khata | - | 2.56% |
| Chamatkarik Bachat Khata- General | - | 2.56% |
| Chamatkarik Udhyamshil Bachat Khata | - | 2.56% |
| Chamatkarik Babu Nani Bachat Khata | - | 2.56% |
| Chamatkarik Talab Bachat Khata | - | 2.56% |
| Chamatkarik Shareholder Saving Account | 100 | 2.56% |
| Chamatkarik Youth Saving Account | - | 2.56% |
| Life Savings Account | 10,000 | 2.56% |
| Samajik Surakshya Bachat Khata | - | 2.56% |
| Social Security Relief Account | - | 2.56% |
| Samriddha Nepal Sukhi Nepali Bachat Khata | 100 | 2.56% |
| New Super Chamatkarik Bachat Khata-Silver | 1,000 | 2.56% |
| New Super Chamatkarik Bachat Khata-Gold | 25,000 | 2.56% |
| New Super Chamatkarik Bachat Khata-Diamond | 50,000 | 2.56% |
| New Super Chamatkarik Nari Bachat Khata-Silver | 1,000 | 2.56% |
| New Super Chamatkarik Nari Bachat Khata-Gold | 25,000 | 2.56% |
| New Super Chamatkarik Nari Bachat Khata-Diamond | 50,000 | 2.56% |
| New Super Chamatkarik Jestha Nagarik Bachat Khata-Silver | 1,000 | 2.56% |
| New Super Chamatkarik Jestha Nagarik Bachat Khata-Gold | 25,000 | 2.56% |
| New Super Chamatkarik Jestha Nagarik Bachat Khata-Diamond | 50,000 | 2.56% |
| New Super Chamatkarik Talab Bachat Khata- Prime | - | 2.56% |
| New Super Chamatkarik Talab Bachat Khata- Normal | - | 2.56% |
| New Super Chamatkarik Talab Bachat Khata | - | 2.56% |
| New Super Chamatkarik Babu Nani Bachat Khata | - | 2.56% |
| New Super Chamatkarik Bidhyarthi Bachat Khata | - | 2.56% |
| New Super Chamatkarik Baideshik Rojgar Bachat Khata | 500 | 2.56% |
| New Super Chamatkarik Swarojgar Bachat Khata | - | 2.56% |
| New Super Chamatkarik Sahaj Bachat Khata | - | 2.56% |
| New Premium Super Chamatkarik Bachat Khata- Silver | 1,000 | 2.56% |
| New Premium Super Chamatkarik Bachat Khata- Gold | 25,000 | 2.56% |
| New Premium Super Chamatkarik Bachat Khata- Diamond | 50,000 | 2.56% |
| New Premium Super Chamatkarik Jestha Nagarik Bachat Khata- Silver | 1,000 | 2.56% |
| New Premium Super Chamatkarik Jestha Nagarik Bachat Khata- Gold | 25,000 | 2.56% |
| New Premium Super Chamatkarik Jestha Nagarik Bachat Khata- Diamond | 50,000 | 2.56% |
| New Premium Super Chamatkarik Nari Bachat Khata-Silver | 1,000 | 2.56% |
| New Premium Super Chamatkarik Nari Bachat Khata-Gold | 25,000 | 2.56% |
| New Premium Super Chamatkarik Nari Bachat Khata-Diamond | 50,000 | 2.56% |
| New Premium Super Chamatkarik Talab Bachat Khata- Prime | - | 2.56% |
| New Premium Super Chamatkarik Talab Bachat Khata- Normal | - | 2.56% |
| New Premium Super Chamatkarik Sahaj Bachat Khata | - | 2.56% |
| New Premium Super Chamatkarik Babu Nani Bachat Khata | - | 2.56% |
| New Premium Super Chamatkarik Bidhyarthi Bachat Khata | - | 2.56% |
| New Premium Super Chamatkarik Baideshik Rojgar Bachat Khata | 500 | 2.56% |
| New Premium Super Chamatkarik Swarojgar Bachat Khata | - | 2.56% |

| LCY Masik Nichhep Khata - Individual | Minimum Balance (NPR) | Interest Rate (% p.a.) |
|---|---|---|
| New Premium Super Chamatkarik Masik Nichhep Khata-Normal | 500 | 7.56% |
| New Premium Super Chamatkarik Masik Nichhep Khata-Customized | - | 7.56% |

| Sweep In & Sweep Out Deposit | Interest Rate (% p.a) | |
|---|---|---|
| | Institutional | Individual |
| Sweep in & Sweep out Deposit | 7.56% | 7.56% |

| LCY Fixed Deposit | Interest Rate (% p.a) | | |
|---|---|---|---|
| | Institutional | | Individual |
| | Fresh | Renewal | |
| 3 months and above | 7.56% | 7.56% | 7.56% |

| FCY Deposits | Minimum Balance | Rate (% p.a.) |
|---|---|---|
| Sulav Bachat Khata | USD 25 | 1.50% |
| USD Savings Account | USD 25 | 1.50% |
| USD Super Saving Account | USD 100 | 1.50% |
| USD Premium Savings Account | NIL | 1.50% |

| FCY Fixed Deposit | Minimum Balance | Rate (% p.a.) |
|---|---|---|
| FCY Fixed Deposit Account (Individual) | NIL | 2.00% |
| FCY Fixed Deposit Account (Institutional) | NIL | Negotiable |

| FCY Fixed Deposit for Non Resident Nepalese (NRN) | Tenure | Minimum Balance | Rate (% p.a.) |
|---|---|---|---|
| USD Fixed Deposit Account | Minimum 2 Years | USD 10,000 or Equivalent | 3.00% |
| EURO Fixed Deposit Account | | | 2.00% |
| GBP Fixed Deposit Account | | | 2.00% |
| AUD Fixed Deposit Account | | | 2.00% |

### B. Interest rate on Loans and Advances

| Retail | Interest Rate | |
|---|---|---|
| | Floating Rate (% p.a.) | Fixed Rate (% p.a.) |
| Auto Loan Upto 10 Years | Base Rate + Up to 6% | 12.77% |
| Loan Against Mortgage Property | | |
| a. NIC ASIA Home Loan OD | Base Rate + Up to 6% | - |
| b. NIC ASIA Home Equity Loan | | |
| Upto 15 Years | Base Rate + Up to 6% | 12.77% |
| Above 15 Years | | - |
| c. NIC ASIA Residential Home Loan | | |
| Upto 15 Years | Base Rate + Up to 6% | 12.77% |
| Above 15 Years | | - |
| d. NIC ASIA Easy Home Equity Loan | | |
| Upto 15 Years | Base Rate + Up to 6% | 12.77% |
| Above 15 Years | | - |
| Education Loan (up to 15 Years) | Base Rate + Up to 6% | 12.77% |
| Personal Loan (Up to 5 Years) | Base Rate + Up to 6% | 12.77% |
| Foreign Employment Loan (Up to 5 Years) | Base Rate + Up to 6% | 12.77% |
| Gold Loan | Base Rate + Up to 6% | - |
| Loan Against Share | Base Rate + Up to 6% | - |
| Loyalty Financing Facility | Base Rate + Up to 6% | - |

| Others | Floating Rate (% p.a.) |
|---|---|
| Export Credit | Base Rate + Up to 6% |
| Loan against Own FDR | Base Rate + Up to 6% |
| Loan against Other Bank's Fixed Deposit Receipt | Base Rate + Up to 6% |
| Loan against 1st class Bank guarantee | Base Rate + Up to 6% |
| Loan against Government Securities (Maximum draw down 80%) | Base Rate + Up to 6% |
| Equipment Financing | Base Rate + Up to 6% |
| **FCY Loan** | **Floating Rate (% p.a.)** |
| FCY Loan | As per NRB Directive |
| **SME** | **Floating Rate (% p.a.)** |
| Fast Track Business Loan | Base Rate + Up to 6% |
| Priority Business Loan | Base Rate + Up to 6% |
| Premium Business Loan | Base Rate + Up to 6% |
| Employers Overdraft Loan | Base Rate + Up to 6% |
| Commercial Agricultural and Livestock Loan | Base Rate + Up to 2.00% (Guided as per NRB Regulations) |
| **Corporate** | **Floating Rate (% p.a.)** |
| Import Credit /T.R. Loan | Base Rate + Up to 6% |
| Overdraft/Cash Credit/Working Capital Loans | Base Rate + Up to 6% |
| Term Loan | Base Rate + Up to 6% |
| Other Short Term Working Capital Loans | Base Rate + Up to 6% |
| **Deprived Sector Lending** | **Floating Rate (% p.a.)** |
| Deprived Sector Lending | Base Rate + Up to 6% |

**Notes: Deposit:** 1. Interest Payment Frequency - Quarterly.

**Lending:** 1. For Consortium Loans, interest rate shall be as per consortium decision.
2. For Subsidy Based Deprived Sector lending, interest rates as per NRB Directives shall apply.

**Base Rate (Jestha 2078): 6.74%**

**Interest Spread (Jestha 2078) : 4.05%**

23 YEARS of SERVICE

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि